**२. काठ कटान र छपान** : कटान गर्ने रुखको उचित छपान गरिएको हुनुपर्दछ । कटान गर्दा वातावरणीय , आर्थिक र सामाजिक पक्षलाई ध्यान दिएको हुनुपर्दछ । कटान गरिएको रुखको परिमाण, छपान गरिएका रुखको अनुपात एवं सा.व.उ.स.को सम्वर्धन अनुरुप हुनुपर्दछ। छपान भएका रुखहरुबाट प्राप्त हुने काठको परिमाण निकाल्नु पर्दछ। कटान आधिकारिक ठेकेदारद्वारा गरिनुपर्दछ जसको सुपरिवेक्षण आधिकारिक निकायबाट हुनुपर्दछ। काठ संकलनका लागि तोकिएको स्थानमा नकशांकन सहितको डिपो हुनुपर्दछ। डिपो व्यवस्थापन गर्दा काठलाई marking, recording तथा काठ grading गरेर stacking गर्नुपर्दछ । डिपो रजिस्टर, कटान अनुमति र निकास पास आदि व्यवस्थित हुनु पर्दछ।

**३. काठको लिलाम** : विक्री गर्ने काठलाई लटमा विभाजन गर्नुपर्दछ, हरेक गोलिया काठलाई नम्वर दिनुपर्दछ, हरेक लट र गोलियाको स्तरअनुसार आयतन निकाल्नु पर्छ, हरेक लटको विक्रि अगाडि निरिक्षण गरिनुपर्छ र लिलामका लागि हरेक लटको न्युनतम मुल्य निर्धारण गर्नुपर्दछ । टेण्डर खुलाउने, टेण्डर स्वीकृतिको सम्पूर्ण जिम्मेबारी आधिकारिक निकायको हुनुपर्दछ।

**४. ढुवानी** : काठ ओसारपसारका निम्ति अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनुपर्दछ । अधिकार प्राप्त अधिकारीले जाँचबुझ गरि कार्ययोजना अनुसार विक्री वितरण गर्न तोकिएको परिमाण समेतलाई विचार गरि इजाजतपत्र दिन सक्नेछ। उपभोक्ता समूहले विक्रि गरेको काठ उपभोक्ता समूहको क्षेत्रभन्दा बाहिर ओसारपसार गर्दा उपभोक्ता समूहले तोकेको व्यक्ति वा समितिले नियम बमोजिमको टाँचा लगाई अनुमतिपत्र दिनुपर्दछ। ढुवानी गरिएको साधन अन्तिम गन्तव्य विन्दुसम्म सिलवन्दी भएको हुनुपर्दछ।

**५. काठ मिल** : जिल्ला वन कार्यालयको सहमति लिएर काठ मिल स्थापना गर्न सकिनेछ जसमा स्थापना गर्ने ठाउँको चार किल्ला खुल्ने गरि नक्शा पनि प्रस्तुत गर्नुपर्दछ। काठ मिल स्थापना गर्दा बातावरणीय र सामाजिक मापनहरु ध्यानमा राख्नु पर्छ। काठ मिलले काठको खरिद तथा विक्रीका लागतहरु दुरुष्त राख्नु पर्दछ। आधिकारिक व्यक्ति वा निकायलाई अनुगमन गर्न दिनु पर्दछ।

**६. विक्रीस्थल** : प्रमाणित काठहरु मात्र विक्रीस्थलमा जानुपर्दछ। विक्री केन्द्रमा पनि प्राप्त भएको काठको खरीद तथा विक्री लगत दुरुस्त राख्नु पर्दछ। वैधानिक काठ अनुगमन गर्न आउने आधिकारिक व्यक्तिहरुलाई सहयोग गर्नुपर्दछ।

## स्वतन्त्र अनुगमन :

काठको वैधानिकता शुनिश्चित गर्नको लागि स्वतन्त्र अनुगमनले अहमं भुमिका खेलेको हुन्छ । यस किसिमको अनुगमनले सवै व्यक्ति समूहलाई, फ्लेग्टी अन्तर्गतको यस प्रणालीले योजनाबद्ध र इमान्दारिता पूर्वक कार्य भएको शुनिश्चित गर्दछ। वन सँग सोझै संबन्ध नराखेर स्वतन्त्र रुपले काम गर्ने पक्ष जस्तै : DFCC, VFCC, FECOFUN, ACOFUN आदि मार्फत यस किसिमको अनुगमन गर्न सकिन्छ।


**सामाग्री तयार गर्ने संस्था**
रुपान्तरण
कोटेश्वर, काठमाडौं
सम्पर्क : ००९७७ १ ४१५४९४९
इमेल : mail@rupantaran.org.np
वोवसाइट : www.rupantaran.org.np
सहयोग : एफ ए. ओ


# वन ऐन प्रवर्तन, शासन विधि र व्यापार

(Forest Law Enforcement, Governance & Trade)




EU FAO FLEGT Programme
रूपान्तरण नेपाल
RUPANTARAN NEPAL

## परिचयः

काठको अवैध कटान, ढुवानी र विक्रीले वनलाई क्षति पुर्याउनुका साथै यसले वनमा आश्रित व्यक्तिहरुको जिवीकोपार्जनमा ठुलै समस्या पैदा गरेको छ। वातावरणीय तथा समाजिक क्षति पनि यसका गम्भिर नकारात्मक परिणामहरु हुन् । सवै व्यक्ति र समुदायले लाभ उठाउन सक्ने वनको विशाल सम्पत्ती गलत उपयोग हुनाले राष्ट्रले पनि ठुलो नोक्सानी भोग्न परिरहेको छ । युरोपेली संगठनले विश्वमा घटिरहेको काठको यस्तो अवैध कारोवारबाट भविष्यमा देखा पर्ने संभावित खतराबाट सजग हुनको लागि “वन ऐन प्रवर्तन, शासन विधि र व्यापार” Forest, Law, Enforcement, Governance and Trade (फ्लेग्टी) नामक नीति तर्जुमा गरि कार्यान्वयन गरेको छ।

सन् अप्रिल २००२ मा युरोपेली आयोगले अवैधानिक काठ कटान र व्यापार रोक्नको लागि के गर्न सकिन्छ भन्ने विषयमा अन्तराष्ट्रिय गोष्ठी आयोजना गरेको थियो । यसैगरी सोही वर्ष जोहानसवर्गमा सन्चालित दीगो विकास विश्व शिखर सम्मेलनमा अवैधानिक काठ कटान र व्यपारलाई निरुत्साहित गर्न युरोपेली आयोगले सशक्त रुपमा प्रतिवद्धता व्यक्त गरेको थियो। सोही अनुरुप २००३ को मे महिनामा युरोपेली संगठनले वन ऐन प्रवर्तन, शासन विधि र व्यापार कार्ययोजनाको पहिलो प्रस्तावना प्रकाशित गर्यो।

यस कार्ययोजनामा अवैध काठ कटान विरुद्ध विविध मापदण्डहरु समाहित गरिएका छन् जस अन्तर्गत निम्न कुराहरु रहेका छन्।

१. काठ उत्पादक राष्ट्रहरुलाई सहयोग
२. वैधानिक काठ व्यापार प्रवर्द्धन क्रियाकलाप
३. सार्वजनिक खरिद नीतिको प्रबर्द्धन
४. निजी क्षेत्रको पहलकदमीमा सहयोग
५. वित्त र लगानीको लागि सुरक्षा
६. विद्यमान बैधानिक साधनको प्रयोग वा योजनामा सहयोगको लागि नयाँ विधानको ग्रहण
७. अवैध काठ समस्याको संबोधन

## बैधानिक काठ के हो ?

फ्लेग्टी कार्ययोजनाको दीर्घकालिन उद्देश्य भनेको वनको दिगो व्यवस्थापन हो। बैधानिक तरिकाले उत्पादित काठ भन्नाले दिगोपन दर्शाउने तल उल्लेखित नियमलाई संबोधन गर्नुपर्दछ।

१. वैधानिक स्वीकृती पाएका सिमा भित्र मात्र काठ कटनी अधिकारको अनुमति प्रदान र अनुपालन
२. उपयुक्त वातावरणीय, श्रमिक र सामुदायिक विकासका नियम समाहित गर्दै वन व्यवस्थापन संवन्धि आवश्यकताहरुको अनुपालन
३. कर, आयात / निर्यात शुल्क, काठ कटान र व्यापार शुल्कसँग संवन्धित आवश्यकताको अनुपालन
४. काठ कटान अधिकार प्रयोग गर्दा भूमी र अन्य श्रोतहरु प्रतिको अधिकार माथि हुन सक्ने प्रभाबको सम्मान
५. व्यापार र निर्यात विधिहरुको आवश्यकताको अनुपालन वैधानिक काठ पहिचानका निम्ति प्रभावकारी वन ऐन बन्नुका साथै सामान्य जनताले सहजै बुझ्ने हुनुपर्दछ। काठ कटानी देखि उपभोक्ता सम्म पुग्दा नियमसंगत श्रृंखलाबद्ध निगरानी हुन आवश्यक छ।

यसै सर्दभमा नेपालमा पनि साल काठको कटान तथा व्यापारको श्रृखलामा हुन सक्ने अवैधानिक काठहरुको मिश्रणलाई नियन्त्रण र अनुगमन गर्ने कार्यमा सरोकारवाला समूहहरुको सचेतना एवं क्षमता विकास गर्ने उदेश्यले रुपान्तरण नेपालले फ्लेग्टी, इ.यू. र एफ.ए.ओ को सहयोगमा “Improved governance for effective timber monitoring and traceability of *Shorea robusta* in Nepal" कार्यक्रम सञ्चालन गरिहेको छ। यो कार्यक्रम रुपन्देही र कपिलवस्तु जिल्लाको २ वटा साझेदरी वन समूह (लुम्विनी तथा माया देवी) र ४ वटा (नवजागृती, मनकामना, राजापानी र पहिलो खोला) मा सञ्चालन गरिएको छ। यी समूहहरुमा भएका अध्ययन र नितीहरुको समिक्षावाट सालको काठको निगरानी श्रृखला माथि चित्रमा देखाए जस्तो प्राप्त भएको छ।

## वन्य काठको निगरानी श्रृंखला

वन्य काठ निगरानी श्रृखंला एउटा यस्तो प्रणाली हो जसमा काठ वा काठ पैदावारको विक्रेताले विक्रि गरिएको वस्तुको अवस्थाबारे खरिदकर्तालाई प्रमाण प्रदान गर्न सक्षम हुन्छ। विक्रि भएका काठ जन्य सामान वैधानिक अर्थात प्रमाणित श्रोतबाट उपलब्ध भएका हुन् या होइनन् भन्ने यस प्रणालीबाट स्पष्ट हुन्छ। चित्रमा उल्लेख भए अनुसार वन्य काठ निगरानी श्रृखंलामा वन व्यवस्थापन देखि विक्रि केन्द्र सम्म विभिन्न चरण रहेका छन्। हरेक चरणमा काठ वैधानिक सिद्ध हुन जरुरी छ। ती चरणहरुमा ध्यान दिनुपर्ने केही महत्पपूर्ण कुराहरु यहाँ उल्लेख गरिएको छ।

१. **वन व्यवस्थापन** : सामुदायिक वन वा साझेदारी वनको कार्ययोजना सम्वन्धित जिल्ला वन कार्यालयबाट स्वीकृत भएको हुनु पर्दछ। दिगो वन व्यवस्थापनमा आधारित वन व्यवस्थापन योजना र कार्ययोजना मार्गदर्शन बमोजिम वैज्ञानिक ढंगले तयार भएको हुनुपर्दछ। श्रोत सर्वेक्षण गरी वन कार्ययोजना तयार गर्दा वातावरणीय, आर्थिक र सामाजिक पक्षलाई ध्यान दिएको हुनुपर्दछ। वन सँग संवन्धित अन्य आवश्यक र कानुनी कागजात साथमा हुनुपर्दछ।

